# शम्भुनाथ नगरपालिका

फोन नं. ०३१-४१०१११

# नगर कार्यपालिकाको कार्यालय

## कठौना, सप्तरी

## मधेश प्रदेश, नेपाल

**पत्र संख्याः २०७९/०८०** **चलानी नं.**

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२७ गते

सुरक्षित आप्रवास (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको दुई पक्षिय सम्झौता अनुसार संचालित कार्यक्रम हो । यो कार्यक्रम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । यस सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्मेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराई रहेको छ । यस सामी कार्यक्रम अन्तर्गत सप्तरी जिल्ला शम्भुनाथ नगरपालिकामा बैदेशिक रोजगार सम्बन्धी सचेतीकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा, बित्तिय साक्षरता संचालन गर्न, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि, स्थानीय तहमा कृषि/पशु स्नातक प्राविधिक परिचालन कार्यको लागि तथा यस कार्यालयकोलागि आवश्यक रहेको निम्न अनुसारको जनशक्ती आवश्यक्ता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल तपसिलका उल्लेखित पदहरुका लागि दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

| बिज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| ०१/२०७९/०८० | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ) | १ | - कम्तीमा प्रविणता प्रमाण-पत्र तह वा +२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिएको<br>- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोबिज्ञान, समाज शास्त्र, सोसियल वर्कमा स्नातक तह, बि.एड., स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट, डिप्लोमा इन काउन्सेलिङ्ग उतिर्ण गरेको<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त<br>- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>- मनो सामाजिक परामर्श सम्बन्धि तालिम प्राप्त गरी सो क्षेत्रमा कार्य गरेको व्यक्तिलाई अनुभवका आधारमा विशेष प्राथमिकता दिइनेछ । |
| ०२/२०७९/०८० | बित्तिय साक्षरता सहजकर्ता (सहायक पाँचौ) | १ | - न्युन्तम प्रविणता प्रमाण-पत्र तह वा +२ उत्तिर्ण गरेको ।<br>- प्रोढ शिक्षा वा व्यस्क साक्षरता वा अध्यापन्नमा दुई बर्षको अनुभव भएको ।<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त गरेको ।<br>- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।<br>- सुरक्षित बैदेशिक रोजगारको क्षेत्रमा काम गरेकालाई बिशेष प्राथमिकता दिईनेछ । |
| ०३/२०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) (सहायक चौथो) | ३ | - न्युन्तम SEE वा सो सरह पास गरी बैदेशिक रोजगार (खाडी मुलुक वा मलेशिया) मा गई कम्तीमा १ बर्ष काम गरेको अनुभव भएको ।<br>- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।<br>- सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई बिशेष प्राथमिकता दिइनेछ । |
| ०४/२०७९/०८० | रोजगार संयोजक (अधिकृत छैटौ) | १ | - नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।<br>- कम्प्युटर सिप सम्बन्धि कम्तीमा ६ महिना तालिम प्राप्त<br>- दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको । |
| ०५/२०७९/०८० | रोजगार सहायक (सहायक पाँचौ) | १ | - नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तिर्ण गरेको ।<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त गरेको ।<br>- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |

शम्भुनाथ नगरपालिका
फोन नं. ०३१-४१०१११
# नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०
चलानी नं.

| बिज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| ०६/२०७९/०८० | नगर विकास सहजकर्ता (सहायक चौथो) | १ | - नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE तह वा सो सरह उत्तिर्ण गरेको।<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त गरेको।<br>- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको। |
| ०७/२०७९/०८० | पशु चिकित्सक (अधिकृत छैटौ) | १ | - मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तर्ण गरेको र परिषदमा दर्ता भएको।<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त गरेको। |
| ०८/२०७९/०८० | कृषि स्नातक (अधिकृत छैटौ) | १ | - मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तर्ण गरेको।<br>- आधारभुत कम्प्युटर सिप सम्बन्धि कम्तीमा ३ महिना तालिम प्राप्त गरेको। |

- **कार्य अवधिः** २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यक्ता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।
- **दरखास्त दिने अन्तिम मितिः** २०७९/०६/११ गते कार्यालय समय सम्म (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा परेको खण्डमा सो को भोली पल्ट)
- **दरखास्त दिने स्थानः** शम्भुनाथ नगरपालिकाको कार्यालय कठौना, सप्तरी
- छोटोसुचीमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सहभागी गराईनेछ।
- **परीक्षाको किसिमः** लिखित, कम्प्युटर प्रयोगात्मक तथा अन्तरवार्ता (रिटर्नी स्वयंसेवकको अन्तरवार्ता मात्र)
- **परीक्षा दस्तुरः** अधिकृत स्तरको लागि रु. १,०००/-, सहायक स्तरको लागि रु. ५००/-
- **तलब तथा अन्य सुविधाः** रोजगार संयोजकको हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८, स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ मा तोकिए बमोजिम तथा नगर विकास सहजकर्ताको हकमा नेपाल सरकारले तोकेको सहायक स्तर चौथो तहको सुरु तलब स्केल मात्र।
- **आवश्यक कागजातहरुः** उम्मेदवार स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको (ट्रान्सक्रिप्ट तथा चारित्रिक) प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको तीन प्रति फोटो, कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपि।

**नोटः** लिखित तथा कम्प्युटर प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सहभागी गराईनेछ। आवेदन फाराम शम्भुनाथ नगरपालिका कार्यालयको राजश्व शाखाबाट लिन सकिनेछ। थप जानकारीको लागि शम्भुनाथ नगरपालिकाको प्रशासन शाखा वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

परीक्षाको मिति पछि प्रकाशित गरिनेछ।

**लिखित परीक्षाको पाठ्यक्रम शम्भुनाथ नगरपालिकाको वेबसाइट https://shambhunathmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।**

प्रमुख प्रशासकीय अधिकृत
शम्भुनाथ नगरपालिका कठौना, सप्तरी